# आठबीस नगरपालिका
# स्थानीय राजपत्र

खण्ड : २ संख्या : १२ मिति : २०७५/१२/२८


**भाग-२**

**आठबीस नगरपालिका**

## समुदायमा आधारित रक्त परीक्षण तथा परामर्श सम्बन्धी कार्यविधि

नेपाललगायत विश्वमा एचआईभी दिनप्रतिदिन बढीरहेको छ। दैलेख जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्कले पनि यस आठबीस नगरपालिकामा एचआईभी भएका व्यक्तिहरुको संख्या बढी रहेको देखाउँछ । विगतमा यस संक्रमणबारे धेरै गलत बुझाई रहेको थियो र छ। एचआइभी भएकाहरुलाई नछुने, समाजबाट गलहत्याउने, सहयोग नगर्ने, एचआइभी भएका व्यक्तिका घरपरिवारका बालबालिकाहरुसंग खेल्न नदिने र विद्यालयसमेत जान नदिने, मरेको लासलाई दाह संस्कार नगरी प्लाष्टिकमा बेरेर डाँडापारी लिएर गाड्ने जस्ता अति भेदभाव जन्य व्यवहार भए गरेको घटनाहरु रहेका छन। विगतमा एचआईभी भएकाहरुको गलत उपचारका कारण धन सम्पत्ती, आर्थिक हिसावले पनि खेतबारी, गरगहना सबै सकिएको तर, अन्तमा मानिसको ज्यानसमेत गुमेको छ । एचआइभीको संक्रमणको पृष्ठभूमि हेर्दा कामका लागि विदेश जानेहरु विशेष गरी भारतमा मौसमी रुपमा काम गर्न गएका व्यक्तिहरुमा बढी देखिएको छ। यस संक्रमणलाई न्यून गर्न केही समयसम्म विभिन्न संघ, सस्थाहरुले काम गरे पनि निरन्तरता हुन सकेन ।

हाल आएर यस नगरपालिकामा ७८ जनाले ART (Anti retro viral



therapy) लिइरहेका छन, ३ जना बालबालिकाहरुले CABA (Children affected by HIV/AIDS) सेवा समेत लिइरहेका छन ।

**यस कार्यक्रम संचालन गर्नुको मुख्य उद्देश्य :**

१. नगरपालिकामा एचआइभी भएका व्यक्तिहरुको अवस्था पत्ता लगाइ समयमै उपचारका लागि उचित परामर्श प्रदान गर्ने ।

२. नगरपालिकामा एचआइभीको संक्रमण घटाउने ।

३. एचआइभी भएकाहरु प्रति गरिने व्यवहारमा परिवर्तन ल्याई समाजमा सम्मानजनक रुपले बाच्न पाउने वातावरणको सृजना गर्ने ।

४.परीक्षण पश्चात सही तथ्याङ्क पत्ता लगाई भावी योजना निमार्ण गर्ने ।

**लक्षित समुह**

१. कामका लागि बसाइ-सराई गर्ने व्यक्तिहरु

२. कामका लागि बसाइ-सराई गर्ने व्यक्तिका श्रीमतिहरु

३. किशोर किशोरीहरु

४. आर्मी, प्रहरी

५. स्वास्थ्यकर्मी

६. यौन व्यवसायीहरु

**कार्यक्रम संचालन प्रक्रिया**

यस कार्यक्रम सक्रियताका साथ संचालनका लागि तपसिलको योजना तय गरि कार्यान्वयन गरिनेछ :

१.प्रत्येक वडामा एक एक जना साथी शिक्षक छानिने छन् । विगतमा यही क्षेत्रमा काम गरेका व्यक्तिको हकमा उनीहरुलाई प्राथमिकता दिइनेछ ।

२. यस कार्य संचालन र उचित परामर्शका लागि नगरपालिकामा १ जना Outreach worker रहने छन् ।

३. जोखिम समुहहरुलाई रक्त परीक्षण र परामर्शका लागि एक जना Lab Assistant रहने छन् ।

४. जुन क्षेत्रमा रक्त परीक्षण गरिने हो सो क्षेत्रमा साथी शिक्षक, Outreach worker/Lab Assistant तीनै जनाको संयुक्त छलफलबाट मिति, क्षेत्र र समय निश्चित गर्नेछन् ।

५. साथी शिक्षकले परीक्षणमा जनसहभागिता बढाउनका लागि तोकिएको वार्डको टोल, घर-घरमा पुगेर रक्त परीक्षणका लागि जानकारी दिनेछन् ।

६. तोकिएको मिति र समयमा साथी शिक्षकको सहायताले outreach workern सेवा लिन आएका सेवाग्राहीहरुको विवरणहरुको अभिलेखीकरण गर्नेछ र pre test counseling गर्नेछन् ।

८. परामर्श लिइसकेपछि Lab assistant ले रक्त परीक्षण कार्य गरी गोपनीयताको अधिकारलाई सुरक्षित गर्दै वास्तविक नतिजा आफ्ना सहकर्मीलाई जानकारी दिनेछन् ।

७. Out reache worker n] Post test counseling पश्चात सेवाग्राहीलाई परीक्षणको नतिजा उपलब्ध गराउने छन् ।

यसबाहेक साथी शिक्षकहरुले प्रत्येक व्यक्तिको घर, घरमा गएर एचआइभी एड्सबारे जानकारी दिने छन् । साथै कामका लागि बाहिर जाने मौसमी बसाइसराई गर्नेहरुलाई स्वागत र विदाइ जस्ता कार्यक्रमहरु संचालन गर्नेछन् र उक्त कार्यक्रममा एचआइभीबारे जानकारी र उपलब्ध सेवा सुविधाबारे जानकारी प्रदान गर्नेछन् ।

यसरी प्रत्येक वडाहरुले योजना बनाई पालैपालो समुदायमा आधारित रक्त परीक्षण र परामर्श कार्यक्रम निरन्तर रुपमा संचालन गर्नेछन् ।

यस कार्यक्रममा सहयोग गरेवापत उनीहरुलाई तपसिलमा उल्लेखित सेवा उपलब्ध गराइनेछ ।

१. साथी शिक्षकलाई मासिक रुपमा रु ४००० अक्षरुपी चार हजार मात्र उपलब्ध गराइने छ ।

२. Out reach worlker / Lab Assistant लाई प्रतिव्यक्ति प्रतिदिन रु १५०० का दरले काम गरेको दिनको यातायात खर्च सेवा प्रदान गरिनेछ ।

३. स्वास्थ्य संस्थाहरुको मासिक बैठकमा यस कार्यक्रमको प्रगती विवरण बुझाउनु पर्नेछ ।

४. प्रत्येक चौमासिक समीक्षामा सम्बन्धित सरोकारवालाहरुबीचमा यस कार्यक्रम परीक्षण नतिजा बारे जानकारी गरिनेछ र भावी योजना बनाउन सहयोग मिल्नेछ ।





५. जुन वार्डमा कार्यक्रम संचालन गरिने हो उक्त वार्डका सम्बन्धित निकायहरु संग पूर्व समन्वय र सहकार्य गरिनेछ ।

<u>आज्ञाले</u>

**कुलराज सुवेदी**

**प्रमुख प्रशासकीय अधिकृत**